फोन नं. ४२००३९६
Website: www.mofaga.gov.np
Email: cdms.mofaga@gmail.com

# नेपाल सरकार
## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
### (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौं

प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८
च.नं.:- 365

मिति: २०७८/०२/१०

विषय: नदी तथा खानीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति, (सबै)
श्री गाउँपालिका/नगरपालिका, (सबै) ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं. ४ को प.सं. ४/स्थानीय/१/०७७/०७८, च.नं. २२३४५, मिति २०७८/१/२८ को पत्र यसै साथ संलग्न छ। नदीजन्य तथा साधारण निर्माणमुखी खानीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा प्राप्त सुझावहरुको विस्तृत व्यहोरा अवगत गरी सोही बमोजिम गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

2078/2/10
(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थ:
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाण्डौं
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेबसाईटमा राखिदिनुहुन)।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

अनुसन्धान महाशाखा नं ४

पत्र संख्या :-४/स्थानीय/१/०७७/७८

चलानी नं. :- 22384

मिति २०७८।०१।२८

विषय: सुझाव कार्यान्वयन सम्बन्धमा।

अत्यन्त जरुरी/गोप्य

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**

सिंहदरवार, काठमाण्डौ।

प्रस्तुत विषयमा नदी तथा नदीजन्य पदार्थ र खानीबाट ढुंगा, माटो, रोडा, गिट्टी, ग्राभेल तथा बालुवा लगायत प्राकृतिक श्रोतको उत्खनन्, संकलन, प्रशोधन, तथा बिक्रीवितरण सम्बन्धमा यस आयोगबाट मिति २०७८।०१।२७ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) देहाय (ख) र (ग) बमोजिम देहायको सुझाव लेखी पठाउने निर्णय भएको हुँदा सोही अनुसार तहाँसँग सम्बन्धित सुझावहरु कार्यान्वयन गर्ने तथा गराउने ब्यवस्था हुन समेत यसैसाथ पठाइएको ब्यहोरा अनुरोध गर्दछु।

देहाय:

१. ढुंगा, गिट्टी, बालुवा उत्खनन् प्रशोधन गर्ने उद्योगहरुलाई औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ८ र अनुसूची १ (ख) मा अनुमति लिनु पर्ने उद्योगको व्यवस्था गरिएको तथा सोही ऐनले यी उद्योगहरुलाई औद्योगिक प्रवर्द्धन बोर्डबाट अनुमति लिनुपर्ने उल्लेख भएकोले दर्ता गर्न अनुमति प्रदान गर्ने निकायले दर्ता गर्दा उल्लेख गरिएका शर्त पालना गरे नगरेको सम्बन्धमा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १० बमोजिम नेपाल सरकारको उद्योग हेर्ने मन्त्रालय, विभाग र प्रदेश सरकारको उद्योग प्रशासन हेर्ने विभाग वा कार्यालयले अनुगमन तथा निरीक्षण गरी मापदण्ड विपरित संचालन भएको पाईएमा कानूनी कारवाही गर्ने।
२. खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ५ बमोजिम खनिज उत्खनन् गर्न अनुमति लिएका योजनाहरुले उत्खनन गर्दा तोकिएको कार्यविधि, प्रक्रिया र वातावरणीय लगायतका शर्तको पालना गरे/नगरेको सम्बन्धमा अनुमति दिने निकायले नै सो शर्त परिपालना गरे नगरेको सम्बन्धमा सोही ऐनको दफा २३ बमोजिम निरीक्षण गरी दफा २५ तथा नियमावलीको व्यवस्था बमोजिम कारवाही गर्ने।
३. ढुंगा, गिट्टी, बालुवा उत्खननमा बिभिन्न थ्रेसहोल्ड र सीमाका आधारमा जुन तह वा निकायले वातावरण संरक्षण ऐन, २०७६ तथा सोको नियमावली २०७६ र सम्बन्धित प्रदेशका वातावरण संरक्षण सम्बन्धी ऐनको व्यवस्था बमोजिम वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत गर्ने जिम्मेवारी रहेको छ, सोही तह वा निकायले प्रतिवेदन बमोजिम शर्त पालना गरे नगरेको अध्ययन गरी नगरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्ने। साथै उत्खनन्, संकलन, प्रशोधन तथा बिक्री वितरण गर्न ठेक्का संझौता गर्ने निकायले सम्झौता बमोजिम

सूचना तथा प्रा... शाखा
दर्ता नं. 895
मिति 068/2/5

गरे नगरेको अनुगमन गर्ने र सोमा कैफियत देखिएमा कानून बमोजिम कारवाही सम्बन्धित स्थानीय तह आफैले गर्ने वा कानूनबाट तोकिएको निकायमा पठाउने, यसरी कारवाहीको लागि लेखी आएमा त्यस्ता निकायले समेत यथाशिघ्र कारवाही गरी अभिलेख समेत राख्ने व्यवस्था मिलाउने।

४. नदीजन्य पदार्थको ठेक्का, राजस्व संकलन तथा सोको उपयोगमा अपारदर्शी रुपमा मिलेमतोमा ठेक्का दिएको तथा अवैधानिक रुपमा संचालित क्रसर उद्योगको दर्ता तथा संचालन गरेको भन्ने विषयहरुमा पारदर्शी ठेक्का सम्झौता तथा दर्ता फर्मको नियमित अनुगमन निरीक्षण गर्नुका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सार्वजनिक खरिद ऐन तथा नियमावली एवं नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" का प्रावधान बमोजिम गर्ने गराउने।

५. ढुंगा, गिटी, वालुवा सम्बन्धी नदीजन्य पदार्थको स्थानीय तहबाटै नेपाल सरकारले तोकेको र प्रचलित कानूनमा उल्लेख भएको मापदण्ड बमोजिम संचालन भए नभएको सम्बन्धमा अनुगमन गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा अनुगमन समिति रहेको हुँदा सो अनुगमन समितिले प्रभावकारी रुपमा अनुगमन गरी नियमन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै जिल्ला समन्वय समितिलाई लेखी पठाउने।

६. ढुंगा, गिट्टी, बालुवा लगायतका माथि उल्लिखित बिषयमा इजाजत/अनुमति दिने, ठेक्कापट्टा लगाउने र अनुगमन गर्ने जिम्मेवारी जवाफदेही निर्वाह गर्ने निकायले आआफ्नो जिम्मेवारी र जवाफदेही निर्वाह नगरेको कारण राज्यको प्राकृतिक श्रोत साधनको दुरुपयोग, सरकारी सम्पत्तिको हानी नोक्सानी, राजश्व हिनामिना लगायतका विषयमा आयोगमा उजुरी पर्न गई अनुसन्धानको क्रममा कैफियत देखिएमा त्यसरी जिम्मेवारी र जवाफदेही लिएका निकायका पदाधिकारी माथि कानून बमोजिम कारवाही हुने।

२०७८।१।२८

(रविन्द्र आचार्य)
उपसचिव